नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय काठमाडौं
बबरमहल, काठमाडौं
नेपाल।
फोन नं. ०१५९७१८८०

प.सं. २०८३/०८४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

मितिः २०८३/०७/२८
नेपाल संवतः ११४७

काठमाडौंबाट बल्खु-दक्षिणकाली हुँदै हेटौंडा चल्ने यात्रुवाहक भाडाका एवम् सार्वजनिक सवारी साधनहरु सञ्चालन सम्बन्धी संशोधित सूचना !

काठमाडौंबाट बल्खु-दक्षिणकाली हुँदै हेटौंडा जाने सडक खण्डहरुमा पछिल्लो समय सवारी दुर्घटना बढ्दै गएको छ। सडक दुर्घटनाका कारण बढ्दै गएको मानवीय क्षति अत्यन्तै भयावह र पीडादायक छ। साँघुरा सडक खण्डहरु, यान्त्रिक अवस्था ठिक नरहेका सवारी साधनहरुको प्रयोग, सवारी चालकहरुको लापरवाही, तीव्र गति, भिरालो र घुम्तीयुक्त सडक, रातको समयमा अध्यारो सडकमा यात्रा गर्दा सर्वसाधारण यात्रुहरु एवम् सवारी चालक र सवारी साधन समेतको जोखीम उच्च रहेको, तीव्र प्रतिष्पर्धाका कारण पटके ट्रिप एकै दिनमा गर्ने गरी चालकहरुले भोग्ने अत्यधिक तनावको अवस्था एवम् अनिद्रा जस्ता कारणहरुबाट बारम्बार गम्भीर खालका दुर्घटना उक्त सडकमा दोहोरिएका छन्। साथै मादक पदार्थ सेवन र लागु पदार्थ सेवन गरी सवारी साधन चलाएको कारणबाट समेत सर्वसाधारणको जीउ ज्यान जोखिममा पर्न गएको भन्ने गुनासो प्राप्त भएको छ। यात्रुहरुको सुरक्षालाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समिति काठमाडौंले काठमाडौंबाट बल्खु-दक्षिणकाली हुँदै हेटौंडा चल्ने यात्रुवाहक भाडाका एवम् सार्वजनिक सवारी साधनहरु सञ्चालन सम्बन्धमा मिति २०८३/०७/२७ गते प्रकाशित सूचनाको बुँदा नं. १ मा **"काठमाडौंबाट बल्खु- दक्षिणकाली हुँदै हेटौंडा जाने यात्रुवाहक सार्वजनिक सवारी साधनहरु बेलुका ५:०० बजेभित्रमा बल्खुबाट छुटिसकेको"** हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको छ।

२०८३/०७/२८

(खिमराज भुसाल)
सहायक प्रमुख जिल्ला अधिकारी

Email: daobabarmahal@gmail.com Website: daokathmandu.moha.gov.np